सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

फैसला

०७७-WO-११७२

मुद्दाः- उत्प्रेषण।

जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ९ सिनामंगल स्थित रजिष्ट्रार कार्यालय रहेको वृजवाटर कलेज प्रा.लि. को अ. प्राप्त अध्यक्ष नारायण प्रसाद बराल ........................................................................ १ निवेदक

विरूद्ध

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं ......................१

ऐ.ऐ.मन्त्रालय स्थित उच्च शिक्षा शाखा...............................................१ प्रत्यर्थी

ऐ.ऐ. मन्त्रालय स्थित उच्च स्तरीय मूल्याङ्कन तथा अनुगमन समिति .........१

नेपालको संविधानको धारा ४६ र धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतमा दर्ता हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः-

तथ्य खण्डः

१. निवेदक कम्पनीले शिक्षा ऐन, २०२८ को दफा ३ को उपदफा ८ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम कुटनैतिक नियोगको सिफारीस समेतका आधारमा University of Cambridge, UK को A-Level को सम्बन्धन प्राप्त गरी मन्त्रालयले तोकेको मापदण्ड समेत पूरा गरी A-Level को दुई वर्षे कोर्ष अध्यापन गराउनका लागी विपक्षी शिक्षा मन्त्रालयको २०६३/०४/०९ को मन्त्रीस्तरीय निर्णय अनुसार सम्पूर्ण प्रक्रिया पुरा गरी वृजवाटर कलेज प्रा.लि. नामबाट सिनामंगल काठमाण्डौमा स्कुल संचालन गर्न विपक्षी शिक्षा मन्त्रालयसंग सम्झौता र कबुलियत समेत गरी मिति २०६७/०४/१७ को च.नं. ६८ को स्विकृत पत्र प्राप्त गरी कलेज संचालन गरी विद्यार्थी भर्ना गरी कर्मचारी एवं प्राध्यापकहरु समेत राखी कलेज संचालन गरी करोडौंको भौतिक पुर्वाधार तयार गरी

आएका छौं र हालसम्म निवेदक कलेजमा अन्तराष्ट्रिय स्तरको ९. व्याचले युनिभर्सिटी अफ क्याम्ब्रिजको कोर्ष समाप्त गरी सकेका र १० औं ब्याच अध्ययनरत रही कलेज नियमित संचालनमा छ। कलेजको नवीकरण सम्बन्धमा शिक्षा नियमावली, २०५९ को नियम १९२ ले देहायको विषयमा भनी देहाय (क) देखि (ट) सम्मका विषयमा निर्देशिका बनाई लागु गर्न सक्ने व्यवस्था गरेकोमा सो बमोजिम नेपाल सरकारबाट २०५९/११/२६ मा विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ जारी भएको सो निर्देशिकामा २०७२/०४/३२ मा संशोधन हुँदा समेत नवीकरण सम्बन्धमा ऐ. को दफा (६) मा अनुमति लिई संचालित शिक्षण संस्थाले माघ मसान्तभित्र नियमानुसार राजश्व दाखिला गर्नु पर्नेछ र अनुसूची ६ बमोजिमको निवेदन दिनुपर्नेछ भन्ने व्यवस्था थियो। सो बमोजिम निवेदकले २०६७/०४/०९ मा संचालन स्वीकृति प्राप्त गरी नियमित शैक्षिक सत्र शुरु गरेको सो पछि नियमित नवीकरण गरी साल साले विद्यार्थी भर्ना लिई कलेज संचालन भैरहेको छ। नवीकरण सम्बन्धमा स्वीकृती पत्र र सम्झौता समेतमा कुनै व्यवस्था नरहेकोमा पछि थप गरेको निर्देशिकाको संशोधित दफा समेतमा निर्देशिकाको दफा ८(५) मा नै ५ वर्ष अवधिको लागि नवीकरण गर्ने व्यवस्थाको विपरित र ऐ. निर्देशिकाको दफा ८ को देहाय उपदफा ९ मा समेत संचालन अनुमति रद्द गर्नु अघि सम्वन्धित शिक्षण संस्थालाई सफाई पेश गर्ने मनासिब मौका दिईने छ भन्ने व्यवस्था र शिक्षा ऐन, २०२८ को दफा १६(ख) प्रतिबन्धात्मक वाक्यांश समेतमा अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन भन्ने व्यवस्था समेतको प्रतिकुल निवेदक कलेजसंग आ.व. ०७५/०७६ र ०७६/०७७ सम्मको नवीकरण दस्तुर र अनुसूची ६ को नवीकरण फारम बुझी लिई प्राकृतिक न्यायको सिद्धान्त विपरित प्रतिरक्षाको मौका समेतबाट बंञ्चित गरी शिक्षा ऐन र शिक्षा नियमावलीले नै अधिकार नदिएको विषयमा स्वतः खारेज हुनेछ भन्ने नलाग्ने निर्देशिकाको व्यवस्था प्रयोग गरी कानून बमोजिम प्रदान गरेको प्रमाणपत्र खारेजीको कारबाही गर्न नपर्ने गरी अनुमति स्वतः खारेज हुने निर्णय भएको छ। कानूनको सर्वमान्य सिद्धान्त प्रतिकुल पूर्वाग्रह राखी मन्त्रालयले जुनसुकै बखत सरकारी बाँकी सरह दाखिला गराउन सक्ने नियमित नवीकरण शुल्क ढिला बैंक दाखिला गरेको भन्ने मात्र कारणले विपक्षी मन्त्रालय स्थित उच्च स्तरीय मुल्याङ्कन तथा अनुगमन समितिको २०७६/१०/२१ को सिफारिस

निर्णयको आधारमा विपक्षी मन्त्रालयको उच्च शिक्षा शाखाले २०७६/१०/२२ मा उठाएको टिप्पणी सदर गर्ने गरी मिति २०७६/१०/२३ मा गरेको (मन्त्री स्तरीय) निर्णय र सो आधारमा मिति २०७६/१२/४ र ०७७/०८/०९ को धरौटी जफतको सूचना लगायतको विपक्षीहरुको गैरकानूनी निर्णय पत्र समेत बदर गर्न अन्य बैकल्पिक उपचार नभएकोले बाध्य भै सम्मानित अदालत समक्ष यो रिट निवेदन गर्न आएको छु। निवेदक कलेजले सम्बन्धन स्वीकृति पाई १० वर्ष देखि संचालित रहेको निवेदक कलेज ५ वर्षसम्म नवीकरण हुने व्यवस्था विपरित र एकपटक प्रदान गरेको स्वीकृति कानुनी प्रक्रिया बेगर स्वतः आफैं समाप्त नहुने साथै कानूनको सर्वमान्य सिद्धान्त विपरित निवेदकको करोडौंको भौतिक लगानी, जनशक्ति र विद्यार्थीको भविष्य माथि समेत खेलवाड हुने गरी प्रतिरक्षाको प्राकृतिक न्यायको सिद्धान्त विपरितको गोश्वारा निर्णयमध्ये निवेदक कलेजको हकसम्मको मिति २०७६/१०/२१ र २०७६/१०/२३ को निर्णय एवं २०७६/१२/०४ र २०७७/०८/०९ को पत्र समेतको सूचना समेत सुविधा र सन्तुलन समेतको दृष्टिकोणबाट प्रस्तुत मुद्धाको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्न नगराउन र नियमित भर्ना तथा कलेजको पठनपाठन नरोक्न भनी विपक्षीहरुका नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम उपयुक्त आदेश समेत जारी गरी पाऊँ भन्ने व्यहोराको निवेदन।

२. यसमा के कसो भएको हो? निवेदन माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुन नपर्ने भए सोको आधार र कारण सहित १५ (पन्ध्र) दिनभित्र विपक्षीहरुबाट महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेस गर्ने भनी यो आदेश र रिट निवेदनको एक-एक प्रति नक्कल समेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना इमेल समेतबाट पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि महान्यायाधिवक्ताको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्ने। अन्तरिम आदेश मागको सन्दर्भमा बिचार गर्दा, निवेदनको प्रकृति, कलेजमा अध्ययनरत विद्यार्थीहरुको भविष्य लगायतका विदेशी शिक्षण संस्थाको सम्वन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्वन्धी निर्देशिका, २०५९ बमोजिम नवीकरण सम्वन्धी व्यवस्थाको बैधतामा सन्निहित प्रश्नहरुको व्याख्या सम्वन्धी व्यहोरा समावेश भई निवेदनको अन्तिम सुनुवाई हुँदाको बखत टुंगो लाग्ने नै हुँदा हालको प्रारम्भिक अवस्थामा सुविधा र सन्तुलनको दृष्टीकोणले निवेदक कलेजको हकमा मिति २०७६।१०।२३ को

मन्त्रिस्तरीय निर्णयबाट जारी भएको मिति २०७६।१२।४ को विपक्षी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ को उपनियम २(ख) बमोजिम हाललाई कार्यान्यन नगरी यथास्थितिमा राख्नु भनी अल्पकालिन आदेश जारी गरिदिएको छ। प्रस्तुत आदेशलाई निरन्तरता दिने नदिने संम्बन्धमा मिति २०७८।४।७ गतेको पेशी तोकी विपक्षीहरुलाई अन्तरिम आदेश छलफलको सूचना दिई रि.नं ०७७-wo-१०५१ को मिसिल समेत साथै राखी पेश गर्नु भन्ने यस अदालतको मिति २०७८।३।३ मा भएको आदेश।

३. विपक्षी रिट निवेदकले नेपालको संविधानको धारा १७, १८, २५, ३१ र धारा १३३ को उपधारा (२) बमोजिम रिट निवेदन गरेको व्यहोरा उल्लेख गरेको देखिन्छ। मौलिक हक अधिकार संगै नागरिकको कानूनी कर्तव्य पनि साथै जोडिएर आएको हुन्छ। कलेज संचालक विपक्षीले राज्य प्रतिको आफ्नो कर्तव्य र जिम्मेवारी प्रति बेवास्ता गरी कानून तोकेको समय सिमाभित्र शुल्क नतिर्ने र नवीकरण नगरी आफुखुशी कलेज संचालन गरेकाले शैक्षिक कार्यक्रम संचालन गर्न दिईएको पूर्व अनुममती स्वतः खारेज भएको जानकारी दिईएको मात्र हो। यस मन्त्रालयबाट रिट निवेदकको हक अधिकार हनन हुने गरी कुनै काम कारवाही भएको छैन। कुनै पनि विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन लिएर नेपालमा स्नातक तह वा सो भन्दा माथिल्लो तहको शिक्षण संस्था संचालन गर्ने कार्यलाई व्यवस्थित गर्ने उदेश्यले नेपाल सरकारको स्वीकृतबाट "विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९" जारी गरिएको र उक्त निर्देशिकाको व्यवस्था बमोजिम आफ्नो कलेजको संचालन तथा नवीकरण गर्नुपर्ने विषय रिट निवेदकलाई पूर्व जानकारी रहेको निवेदनबाट प्रष्ट देखिन्छ। उक्त निर्देशिकाको दफा ८ को उपदफा (६) मा उल्लेख भए बमोजिम अनुमति प्राप्त गरी सञ्चालनमा रहेको शिक्षण संस्थाले प्रत्येक वर्ष माघ मसान्तभित्र नियमानुसार राजश्व दाखिला गर्नुपर्ने र नवीकरण प्रयोजनका लागि अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने व्यवस्था रहेको छ। यसका साथै सोही दफाको उपदफा (६क) मा "उपदफा (६) बमोजिम नवीकरणका लागि आवेदन नगर्ने संस्थाले प्रति महिना प्रति कार्यक्रम दश हजार रुपैंया अतिरिक्त शुल्क बुझाई नवीकरणका लागि २०७४ साल माघ मसान्त भित्रमा आवेदन गर्न सक्ने र सो अवधि भित्र पनि नवीकरणका लागि

आवेदन नगर्ने शिक्षण संस्थाको अनुमति स्वतः खारेज भएको हुनेछ" भन्ने स्पस्ट उल्लेख छ।

निर्देशिकाको उक्त प्रावधान बमोजिम राजश्व तिरी अनुमति नवीकरणको लागि आवेदन गर्न र धरौटी रकम अध्यावधिक गर्ने सम्बन्धमा मिति २०७४/१०/०६ को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका, मिति २०७४/१२/०४ को गोरखापत्र राष्ट्रिय दैनिक पत्रिका र मन्त्रालयको वेभसाईट www.moe.gov.np लगायतका माध्यमबाट सबै शिक्षण संस्थालाई सूचित समेत गरेको सम्मानित अदालतलाई जानकारी गराउँदछु। रिट निवेदकको कलेजले २०७४ साल माघ मसान्त भित्र नवीकरण दस्तुर वापतको रकम नबुझाएको हुँदा यस मन्त्रालयबाट अनुमति दिइएका शैक्षिक कार्यक्रमको अनुमति स्वतः खारेज गर्ने प्रयोजनका लागि निर्देशिकाको दफा ८ को उपदफा (१) बमोजिम रद्द गर्न नपर्ने कुनै मनासिव कारण भए पन्ध्र दिन भित्र यस मन्त्रालयमा स्वयम् उपस्थित भई सबुद प्रमाण सहित लिखित जवाफ पेश गर्नु भनी मिति २०७६/०७/२२ को गोरखापत्र दैनिकबाट सफाई पेश गर्ने मौका समेत दिइएको सम्मानित अदालत समक्ष अनुरोध गर्दछु। उक्त कलेजबाट कुनै पनि सफाई समेत पेश गर्न नसकेको अवस्थामा उच्चस्तरिय मुल्यांकन तथा अनुगमन समितिबाट खारेज गर्नुपर्ने भनी रितपूर्वक गरिएको सिफारिस गैरकानूनी हो भन्ने रिट निवेदकको दावी झुठो भएको हुँदा यसको कुनै औचित्य देखिँदैन। यसरी रिट निवेदकले गलत मनसाय र भावनाले प्रेरित भई प्रचलित कानून विपरीतको दाबी लिई रिट निवेदन दिएको देखिएकोले प्रस्तुत रिट निवेदनमा कुनै पनि आज्ञा आदेश जारी हुनुपर्ने होईन। नेपाल सरकारबाट जारी गरिएको निर्देशिकाको प्रावधान विपरित गई कार्य गरेको र उक्त कार्य उपरसफाई पेश गर्न सार्वजनिक रूपमा सूचना गरेको अवस्थामा समेत पर्याप्त प्रमाण सहित सफाई पेश गर्न नसकी कानून बमोजिम खारेज गरिएको कलेजका सम्बन्धमा रिट निवेदकले हुँदै नभएको बनावटी तथ्य उल्लेख गरी अदालतलाई भ्रममा राख्ने उद्देश्यले प्रस्तुत रिट निवेदन दायर गरिएको प्रस्ट देखिन्छ। अतः रिट निवेदनमा लिइएको जिकिरहरू प्रचलित कानूनी व्यवस्था अनुरूप नदेखिंदा रिट निवेदन जिकिर बमोजिम आदेश जारी हुनुपर्ने होइन। प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौंको लिखित जवाफ।

४. कुनै पनि विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन लिएर नेपालमा स्नातक तह वा सो भन्दा माथिल्लो तहको शिक्षण संस्था संचालन गर्ने कार्यलाई व्यवस्थित गर्ने उदेश्यले नेपाल सरकारको स्वीकृतीबाट "विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९" जारी गरिएको र उक्त निर्देशिकाको व्यवस्था बमोजिम आफ्नो कलेजको संचालन तथा नवीकरण गर्नुपर्ने विषय रिट निवेदकलाई पूर्व जानकारी रहेको निवेदनबाट प्रष्ट देखिन्छ। उक्त निर्देशिकाको दफा ८ को उपदफा (६) मा उल्लेख भए बमोजिम अनुमति प्राप्त गरी सञ्चालनमा रहेको शिक्षण संस्थाले प्रत्येक वर्ष माघ मसान्तभित्र नियमानुसार राजश्व दाखिला गर्नुपर्ने र नवीकरण प्रयोजनका लागि अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने व्यवस्था रहेको छ। यसका साथै सोही दफाको उपदफा (६क) मा "उपदफा (६) बमोजिम नवीकरणका लागि आवेदन नगर्ने संस्थाले प्रति महिना प्रति कार्यक्रम दश हजार रुपैंया अतिरिक्त शुल्क बुझाई नवीकरणका लागि २०७४ साल माघ मसान्त भित्रमा आवेदन गर्न सक्ने र सो अवधि भित्र पनि नवीकरणका लागि आवेदन नगर्ने शिक्षण संस्थाको अनुमति स्वतः खारेज भएको हुनेछ" भन्ने स्पस्ट उल्लेख छ। रिट निवेदकको कलेज लगायत अन्य शिक्षण संख्थालाई राजश्व तिरी अनुमति नवीकरणको लागि आवेदन गर्न र धरौटी रकम अध्यावधिक गर्ने सम्बन्धमा मिति २०७४/१०/०६ को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका, मिति २०७४/१२/०४ को गोरखापत्र राष्ट्रिय दैनिक पत्रिका र मन्त्रालयको वेभसाईट www.moe.gov.np लगायतका माध्यमबाट सबै शिक्षण संस्थालाई सूचित समेत गरेको सम्मानित अदालतलाई जानकारी गराउँदछु। रिट निवेदकको कलेजले २०७४ साल माघ मसान्त भित्रं नवीकरण दस्तुर बापतको रकम नबुझाएको हुँदा यस मन्त्रालयबाट अनुमति दिइएका शैक्षिक कार्यक्रमको अनुमति स्वतः खारेज गर्ने प्रयोजनका लागि निर्देशिकाको दफा ८ को उपदफा (९) बमोजिम रद्द गर्न नपर्ने कुनै मनासिब कारण भए पन्ध्र दिन भित्र यस मन्त्रालयमा स्वयम् उपस्थित भई सबुद प्रमाण सहित लिखित जवाफ पेश गर्नु भनी मिति २०७६/०७/२२ को गोरखापत्र दैनिकबाट सफाई पेश गर्ने मौका समेत दिइएको सम्मानित अदालत समक्ष अनुरोध गर्दछु। उक्त कलेजबाट कुनै पनि सफाई समेत पेश गर्न नसकेको अवस्थामा उच्चस्तरिय मुल्यांकन तथा अनुगमन समितिबाट खारेज गर्नुपर्ने भनी रितपूर्वक गरिएको सिफारिस गैरकानूनी हो भन्ने रिट निवेदकको दावी झुठो भएको हुँदा यसको कुनै औचित्य देखिँदैन। विदेशी

शिक्षण संस्थाहरुको सम्बन्धनमा उच्च शिक्षा संचालन गर्ने संस्थाहरुको अनुमति, स्वीकृति वा खारेजी सम्बन्धी सिफारिस गर्न निर्देशिकाको दफा ६ को उपदफा (१) बमोजिम गठित अधिकार प्राप्त समितिबाट भएको निर्णय उपर यस शाखालाई विपक्षी बनाउनुपर्ने कुनै आधार कारण देखिंदैन। नेपाल सरकारबाट जारी गरिएको निर्देशिकाको प्रावधान विपरित गई कार्य गरेको र उक्त कार्य उपर सफाई पेश गर्न सार्वजनिक रूपमा सूचना गरेको अवस्थामा समेत पर्याप्त प्रमाण सहित सफाई पेश गर्न नसकी कानून बमोजिम खारेज गरिएको कलेजका सम्बन्धमा रिट निवेदकले हुँदै नभएको बनावटी तथ्य उल्लेख गरी अदालतलाई भ्रममा राख्ने उदेश्यले प्रस्तुत रिट निवेदन दायर गरिएको प्रस्ट देखिन्छ। प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उच्च शिक्षा शाखा सिंहदरवार, काठमाडौंको लिखित जवाफ।

५. रिट निवेदकको कलेज लगायत अन्य शिक्षण संस्थालाई राजश्व तिरी अनुमति नवीकरणको लागि आवेदन गर्न र धरौटी रकम अध्यावधिक गर्ने सम्बन्धमा मिति २०७४/१०/०६ को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका, मिति २०७४/१२/०४ को गोरखापत्र राष्ट्रिय दैनिक पत्रिका र मन्त्रालयको वेभसाईट www.moe.gov.np लगायतका माध्यमबाट सूचित समेत गरेको अवस्था छ। "विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ को दफा ६ को उपदफा (१) बमोजिम गठित यस समितिलाई विदेशी शिक्षण संस्थाहरुको सम्बन्धनमा उच्च शिक्षा संचालन गर्ने संस्थाहरुको अनुमति, स्वीकृति वा खारेजी सम्बन्धी सिफारिस गर्न अधिकार प्राप्त भएको सन्दर्भमा रिट निवेदकको कलेजबाट पेश भएको कागजात अध्ययन गर्दा उल्लिखित निर्देशिकाको प्रावधान बमोजिम २०७४ साल माघ मसान्त भित्र नवीकरण दस्तुर बापतको रकम बुझाएको देखिएन। यस मन्त्रालयबाट अनुमति दिइएका शैक्षिक कार्यक्रमको अनुमति स्वतः खारेज गर्ने प्रयोजनका लागि निर्देशिकाको दफा ८ को उपदफा (१) बमोजिम रद्द गर्न नपर्ने कुनै मनासिव कारण भए पन्ध्र दिन भित्र यस मन्त्रालयमा स्वयम् उपस्थित भई सवुद प्रमाण सहित लिखित जवाफ पेश गर्नु भनी मिति २०७६/०७/२२ को गोरखापत्र दैनिकबाट सफाई पेश गर्ने मौका समेत दिइएको तर उक्त कलेजबाट कुनै पनि सफाई समेत पेश गर्न नसकेको अवस्थामा यस समितिबाट खारेज गर्नुपर्ने भनी रितपूर्वक गरिएको सिफारिस गैरकानूनी हो भन्ने रिट निवेदकको दावी झुठो भएको हुँदा यसको कुनै औचित्य देखिंदैन। यसरी रिट निवेदकले गलत मनसाय र

भावनाले प्रेरित भई प्रचलित कानूनविपरीतको दाबी लिई रिट निवेदन दिएको देखिएकोले प्रस्तुत रिट निवेदनमा कुनै पनि आज्ञा आदेश जारी हुनुपर्ने होईन। निजको रिट निवेदनमा सम्मानित अदालतबाट जारी भएको अन्तरिम आदेश र रिट निवेदन खारेज गरी पाउन अनुरोध गर्दछु। नेपाल सरकारबाट जारी गरिएको निर्देशिकाको प्रावधान विपरित गई कार्य गरेको र उक्त कार्य उपर सफाई पेश गर्न सार्वजनिक रूपमा सूचना गरेको अवस्थामा समेत पर्याप्त प्रमाण सहित सफाई पेश गर्न नसकी कानून बमोजिम खारेज गरिएको कलेजका सम्बन्धमा रिट निवेदकले हुँदै नभएको बनावटी तथ्य उल्लेख गरी अदालतलाई भ्रममा राख्ने उद्देश्यले प्रस्तुत रिट निवेदन दायर गरिएको प्रस्ट देखिन्छ। अतः रिट निवेदनमा लिइएको जिकिरहरू प्रचलित कानूनी व्यवस्था अनुरूप नदेखिंदा रिट निवेदन जिकिर बमोजिम आदेश जारी हुनुपर्ने होइन। प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने गरिपाउँ भन्ने विपक्षी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, उच्चस्तरीय मूल्याङ्कन तथा अनुगमन समितिको लिखित जवाफ।

<u>आदेश खण्डः</u>

६. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित हुन भएका विद्वान वरिष्ठ अधिवक्ता श्री सुरेन्द्र बहादुर खड्का र विद्वान अधिवक्ता श्री राधाकृष्ण पाठकले मांघ मसान्तभित्र नवीकरण दस्तुर बुझाई निवेदन दिनुपर्ने व्यवस्था अनुसार निवेदक कलेजसँग आ.व. ०७५/०७६ र ०७६/०७७ सम्मको नवीकरण दस्तुर र अनुसूची ६ को नवीकरण फारांम बुझी लिई प्राकृतिक न्यायको सिद्धान्त विपरित प्रतिरक्षाको मौका समेतबाट बञ्चित गरी शिक्षा ऐन र शिक्षा नियमावलीले अधिकार नै नदिएको विषयमा संशोधन मार्फत स्वतः खारेज हुनेछ भनी नलाग्ने निर्देशिकाको व्यवस्था प्रयोग गरी सुनुवाईको समेत मौका नदिई निवेदक कलेजको दर्ता स्वतः खारेज हुने भनी गोरखापत्रमा प्रकाशित २०७६/१२/४ र २०७७/८/९ को सूचना शिक्षा ऐन, २०२८ को दफा (३)(८) को प्रतिवन्धात्मक वाक्यांश र ऐ.दफा ३ को देहाय ९ एवं शिक्षा नियमाबली, २०५९ को नियम १९२ विपरीत छ; तसर्थ संस्था नवीकरण गरि नियमित भर्ना तथा कलेजको पठन पाठन सुचारु गर्नका लागि उत्प्रेषण, परमादेश लगाएत उपयुक्त आदेश जारी गरी पाऊँ भनी वहस गर्नुभयो। नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तर्फबाट विद्वान

सहन्यायाधिवक्ता श्री लोकराज पराजुलीले विद्यालयले विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ को प्रावधान स्वीकार गरेको र कानूनबमोजिम नै निर्देशिका संशोधन भएको हुँदा उक्त निर्देशिका पालना नगरेको तथा तोकिएको अवधिभित्र नवीकरण शुल्क नबुझाएको देखिन्छ; शैक्षिक भौतिक पुर्वाधार र पाठ्यवस्तु राष्ट्रिय आवश्यकतानुसार छ छैन भनी हेर्ने राज्यको दायित्व भित्रको विषय भएको हुँदा निर्देशिकामा भएको स्वतः खारेजीको प्रावधानअनुरुपको सूचना निर्धारित कानूनबमोजिम छ; निवेदकको माग बमोजिमको आदेश जारी हुन सक्ने अवस्था नहुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी गर्नु भएको वहस जिकिरसमेत सुनियो।

७. शिक्षा मन्त्रालयको २०६३/०४/०९ को (मन्त्री स्तरीय) निर्णय अनुसार सम्पूर्ण प्रक्रिया पुरा गरी बृजवाटर कलेज प्रा.लि. को नामबाट सिनामंगल काठमाण्डौमा स्कुल संचालन गर्न शिक्षा मन्त्रालयसँग सम्झौता र कवुलियत संमेत गरी कलेज नियमित संचालनमा रहेको देखियो। शिक्षा मन्त्रालयबाट मिति २०७६/१२/०४ मा उक्त कलेज नवीकरण नभएकोबाट खारेज गर्ने भनी गोरखापत्रमा सूचना प्रकाशित गरिएको देखिन्छ। कलेजले नवीकरणको लागि नियमित प्रक्रिया अन्तर्गत आ.व. ०७३।०७४ र ०७४।०७५ समेतको सम्पूर्ण नवीकरण दस्तुर वुझाई र गोरखापत्रको सूचना बमोजिम ज़वाफ समेत पेश भएकोमा शिक्षा मन्त्रालयबाट नवीकरण नगरिदा विद्यालयको पठनपाठन लगाएत विद्यार्थीहरुको बैध प्रमाणपत्र पाउन सक्ने अधिकार समेतको हनन भएको भनी रिट निवेदन परेको देखिन्छ। यस सम्बन्धमा विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ को दफा ८ को उपदफा (९) मा निर्देशिकामा उल्लेखित शर्त पूरा नगरेमा दफा ६ बमोजिम गठित उच्चस्तरीय अनुगमन तथा मूल्यांकन समितिको सिफारिसमा मन्त्रालयले जुनसुकै बखत सञ्चालन अनुमति रद्द गर्न सक्ने र त्यसरी सञ्चालन अनुमति रद्द गर्नु अघि सम्बन्धित शिक्षण संस्थालाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्ने व्यवस्था रहेकोमा मिति २०७६।७।२२ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी तोकिएको समय अवधिभित्र दरखास्त पेश गर्न नसकेको सम्बन्धमा सफाई पेश गर्न म्याद दिइएको थियो। सो सम्बन्धमा कलेजले पेश गरेको सफाई सन्तोषजनक नभएको आधारमा उच्चस्तरीय मूल्यांकन तथा अनुगमन समितिको मिति २०७६।१०।२१ को बैठकबाट निर्देशिकाको दफा ८ को उपदफा (६क) बमोजिम कलेजलाई दिएको अनुमति स्वतः खारेज भएकोले

सोही व्यहोराको जानकारी कलेजलाई गराई मन्त्रालयको अनुमति विना विद्यार्थी भर्ना नलिन र निर्देशिकाको दफा ९ को उपदफा (८) र (९) बमोजिम धरौटी अद्यावधिक नगरेको र नवीकरणका लागि निवेदन पनि नदिएको अवस्थामा सोही दफाको उपदफा (६) बमोजिम कलेजले राखेको धरौटी समेत जफत हुने देखिएकोमा हाल कलेजमा विद्यार्थीहरु अध्ययनरत रहेको परिप्रेक्ष्यमा धरौटी रकमका हकमा पछि निर्णय गर्न उपयुक्त हुने भन्दै निर्देशिकाको दफा ९ङ को उपदफा (४) बमोजिम अध्ययनरत विद्यार्थीको व्यवस्थापन गर्न कलेजमा लेखी पठाउन मन्त्रालयलाई सिफारिस गर्ने भनी निर्णय भएको र सोही सिफारिस बमोजिम मन्त्रालयबाट मिति २०७६।१०।२३ को मा निर्णय भई कलेजलाई मन्त्रालयको मिति २०७६।१२।०४ मा सूचना प्रकाशित गरी जानकारी गराएको तथा २०७८/८/९ मा धरौटी जफतको ताकेता सम्बन्धमा जानकारी दिइएको हो भनी प्रत्यर्थीको लिखित जवाफ रहेको पाईयो।

८. विद्वान कानून व्यवसायीहरुको बहससमेत सुनी निवेदन जिकिर र लिखित जवाफसहित मिसिल संलग्न कागजहरुको अध्ययन गरी हेर्दा, देहायका प्रश्नहरुको निरुपण गर्नु पर्ने देखियो:-

क) नेपालको संविधानले अंगिकार गरेको शिक्षा सम्बन्धी हक अन्तर्गत सरकारी तथा निजि शिक्षण संस्थाको स्थापनां र संचालन सम्बन्धी संवैधानिक व्यवस्थाको मूल तत्व र मान्यताहरु के-के हुन्?

ख) निजि शिक्षण संस्थाको स्थापना र सञ्चालन सरकारी निकायबाट नियमन हुन सक्ने हो वा होइन? यदि हुन सक्ने हो भने के कति हदसम्म निजि शिक्षण संस्थालाई नियमन गर्न सकिने हो?

ग) निवेदक शैक्षिक संस्थाको अनुमति स्वतः खारेज गर्ने निर्णय कानूनसम्मत छ छैन ?

घ) निवेदकको माग बमोजिमको आदेश जारी हुने हो वा होइन ?

९. पहिलो प्रश्न नेपालको संविधानले अंगिकार गरेको शिक्षा सम्बन्धी हक अन्तर्गत सरकारी तथा निजि शिक्षण संस्थाको स्थापना र संचालन सम्बन्धी संवैधानिक व्यवस्थाको मूल तत्व र मान्यताहरु के- के हुन् भन्नेतर्फ विचार गर्दा, शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धमा नेपालको संविधानको धारा १७(२) मा "प्रत्येक नागरिकलाई

नेपालको कुनै भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता हुनेछ भन्ने व्यवस्था उल्लेख गरिएको पाइन्छ। त्यस्तै संविधानको धारा ३१ ले शिक्षाको हकको सम्बन्धमा उल्लेख गरेको पाइन्छ। धारा ३१(१) ले आधारभूत शिक्षाको पहुँचको हक, उपधारा (२) ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क र माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने हकका सम्बन्धमा उल्लेख गरेको पाइन्छ भने उपधारा (३) मा अपाङ्ग भएका र आर्थिक रुपले विपन्न नागरिकलाई निःशुल्क शिक्षा पाउने हकका सम्बन्धमा उल्लेख गरेको छ। उपधारा (४) ले विशिष्ट अवस्थामा रहेको व्यक्तिहरुको आवश्यकता अनुसार सांकेतिक भाषा समेतबाट निःशुल्क शिक्षा पाउने हकका सम्बन्धमा उल्लेख गरेको पाइन्छ। उपधारा (५) ले मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय र शैक्षिक संस्था खोल्न पाउने व्यवस्था गरेको पाइन्छ। धारा ३१ मा उल्लेख भएका हकहरु नागरिकले असाधारण क्षेत्राधिकार ग्रहण गरी माग गर्न सक्ने प्रकृतिका देखिँदा सोही बमोजिमको दायित्व राज्यमा अन्तर्निहित रहेको मान्नु पर्ने हुन्छ। वस्तुतः धारा ३१ ले निर्धारण गरेका हकहरु राज्यका न्यूनतम् दायित्व हुन्। यस भन्दा अधिक रुपमा राज्यले शिक्षाको अधिकार संरक्षण गर्न योजना, कार्यक्रम र लगानी गर्ने सम्बन्धमा उक्त धाराले रोक लगाएको देखिदैन। संविधानको धारा ३१ को शिक्षा सम्बन्धी हकलाई धारा ५१ (ज) अन्तर्गत (१)[1],(२)[2], (३)[3] सँग गासेर व्याख्या गर्नुपर्ने देखिन्छ। उक्त धारा ५१ (ज) का उल्लिखित प्रावधानहरुलाई धारा ३१ को व्याख्या गर्दा राज्यको शिक्षा सम्बन्धी दायित्व र नागरिकको हकलाई सामन्जस्य गरी व्याख्या गर्नु उपयुक्त हुने देखिन्छ। यस अर्थमा नागरिकहरुको शिक्षाको हकको संरक्षण गर्ने प्राथमिक दायित्व राज्यमा अन्तरनिहित हुने सम्बन्धमा हाम्रो संवैधानिक व्याख्या स्पष्ट रहेको मान्नुपर्ने देखिन्छ।

१०. नेपालको संविधानको धारा १७ (च) ले निजी क्षेत्रलाई शैक्षिक क्षेत्रमा लगानी गर्न रोक नलगाएको भएतापनि धारा ५१(ज)(२)अन्तर्गत शिक्षामा भएको निजि लगानीलाई नियमन

---

[1] नेपालको संविधान धारा ५१ (ज)(१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमुलक, रोजगारमुलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,

[2] नेपालको संविधानको धारा ५१ (ज)(२) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षाम भएको निजि क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

[3] नेपालको संविधानको धारा ५१ (ज)(३) उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउदै लैजाने

र व्यवस्थापन गरी सेवामूलक बनाउने भन्ने उल्लेख भएको पाइन्छ। शिक्षा सामान्यतया राज्य बाहेकका निकायको पनि परोपकारी र लोककल्याणकारी कार्य भित्रको विषय हो। यसमा नाफा खोज्नु भन्दा पनि सामान्यतया गैर नाफामुलक ट्रष्ट प्रकृतिको संस्थाहरुका माध्यमबाट न्यूनतम शुल्कमा विद्यार्थीहरुलाई शिक्षा प्रदान गर्नु पर्दछ भन्ने मान्यता अन्तर्गत संविधानको धारा ३१ को शिक्षाको हक तथा धारा ५१ (ज) (२) का मान्यता अनुसार त्यस्ता निजि क्षेत्रका संस्थाको पनि कर्तव्य अन्तर्गत हेरिनु पर्दछ। निजी क्षेत्रबाट भएका कार्यक्रमहरुको सम्बन्धमा राज्यले पनि कुनै बेला पुनर्विचार गरी अधिकतम रुपमा राज्य संचालित विद्यालय वा उच्च शिक्षाको उन्नतिमा ध्यान दिन सक्ने गरी धारा ५१(ज) (२) मा शिक्षा क्षेत्रमा राज्यले लगानी अभिवृद्धि गर्ने उद्देश्य राखेको देखिन्छ। शैक्षिक वातावरण र पढाइको स्तरवृद्धि गरी लगानी तथा आकर्षण मार्फत सरकारी क्षेत्रका विद्यालय वा विश्वविद्यालयहरुको स्तरउन्नती गर्न तथा विद्यालय वा विश्वविद्यालयलाई लगानी गर्ने सम्बन्धमा राज्यलाई संविधानले बाटो खोलिदिएकै पाइन्छ। संविधानको धारा १७(२)(च) र धारा ५१(ज)(२) को माध्यमबाट निजी क्षेत्रको शिक्षाको दायित्वलाई राज्यले पुरा गर्नु पर्ने दायित्वको रुपमा ग्रहण गरी शिक्षालाई सामान्य नागरिकको पनि पहुच भित्र रहने गरी शुल्क निर्धारण, पाठ्यक्रमको राष्ट्रिय महत्व र आवश्यकता, शिक्षकहरुको नियुक्ति तथा न्यूनतम तलव सुविधा, विद्यालयको भौतिक, शैक्षिक अवस्था, गुणस्तर, आवधिक तालिम र विद्यार्थीको शैक्षक क्षमतामा आएको परिवर्तन जस्ता विषयमा नियमन गर्न सक्ने र यस्ता कार्यहरुलाई राज्यको दायित्व अन्तर्गतकै कार्यहरु नै मान्नु पर्ने देखिन्छ। संविधानको धारा ३१, धारा ५१(ज)(२) र International Covenant on Economic, Social and Cultural Rights,1966 (ICESCR) को धारा १३(३)[4] लाई सँगै राखी एक आपसमा सामञ्जस्यता आउने गरी हेरिनु पर्ने र उक्त प्रावधानहरुभित्र मुख्य रुपमा शिक्षाको जिम्मेवारी र दायित्व राज्य भित्रै पर्ने, शिक्षालाई कल्याणकारी कार्य अन्तर्गत नै मानी यसलाई सार्वजनिक वस्तु (Public Good) अन्तर्गत राज्यले शिक्षा क्षेत्रमा संविधानको धारा १७ को उपधारा (२)(च) अन्तर्गत निजी क्षेत्रको शैक्षिक लगानीलाई मान्यता प्रदान गरी

[4] Article 13.3. The States Parties to the present Covenant undertake to have respect for the liberty of parents and, when applicable, legal guardians to choose for their children schools, other than those established by the public authorities, which conform to such minimum educational standards as may be laid down or approved by the State and to ensure the religious and moral education of their children in conformity with their own convictions.

मुलतः शिक्षा गैह्र नाफामुलक सेवा प्रदान गर्ने उद्देश्यसहितको क्षेत्र हो भन्ने धारणाको विकास गर्नु उपयुक्त देखिन्छ। शिक्षाको पहुँच र गुणस्तर बढाउन निजि क्षेत्रको शिक्षाको दायित्वलाई सहयोग पुऱ्याउन महत्वपूर्ण जिम्मेवारी हुने मान्यता राखी निश्चित मापदण्डका आधारमा मूलतः शैक्षिक उत्पादनमा समानता हुने गरी निजि शिक्षण संस्था स्थापना र सञ्चालन गर्न पाउने हक संविधानले प्रदान गरेको मान्नुपर्ने देखिन्छ।

१८. शैक्षिक क्षेत्रमा निजि क्षेत्रको लगानीका सम्बन्धमा तुलनात्मक क्षेत्राधिकारहरुको विकासलाई हेर्दा भारतीय सर्वोच्च अदालतको TMA Pai Foundation v. State of Karnataka[5] को फैसला सान्दर्भिक हुने देखिन्छ। उक्त फैसला अनुसार "Education has so far not been regarded as a trade or business where profit is the motive. Even if there is any doubt about whether education is a profession or not, it does appear that education will fall within the meaning of the expression "occupation""[6] अर्थात मुनाफा कमाउने उद्देश्य अनुसार शैक्षिक संस्था स्थापना गर्न नहुने मान्यता रहेकाले शैक्षिक संस्थालाई व्यापार वा व्यवसायको रुपमा हेर्न नहुने भएतापनि "right to carry on any occupation" भित्र शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने भनी व्याख्या गरिएको छ। सामान्यतयाः नेपाली शब्द "पेशा" ले अंग्रेजीको "profession" र "occupation" दुबै बुझाउने भएकाले नेपालको संविधानको धारा १७ (२) (च) मा प्रयुक्त "पेशा, रोजगार गर्ने, उद्योग, व्यापार तथा व्यवसाय" वाक्यांशभित्र शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने नहुने भन्ने सन्दर्भमा भारतीय सर्वोच्च अदालतको अर्को मुद्दा Sodan Singh v. New Delhi Municipal Committee and Others पृष्ठ १७४, प्रकरण २८ मा "The object of using four analogous and overlapping words - profession, trade, business and occupation - is to make the guaranteed right as comprehensive as possible to include all the avenues and modes through which a man may earn his livelihood. In a nutshell the guarantee takes into its fold any activity carried on by a citizen of India to earn his living"[7] अर्थात् कुनै व्यक्तिले आफ्नो जिविकोपार्जन गर्न स्वतन्त्रपूर्वक कुनै पनि प्रकारको कामकाज गर्न पाउने हक हुने र सबै प्रकारका कामकाजको समष्टीगत संरक्षणको लागि भारतको संविधानमा "profession, trade, business and occupation" जस्ता समान अर्थ दिने शब्दको प्रयोग गरिएको भनी

[5] TMA Pai Foundation v State of Karnataka, 2002 (8) SCC 481
[6] *Id at* para. 20
[7] Sodan Singh v. New Delhi Municipal Committee and Others [(1989) 4 SCC 155]

व्याख्या भएकोमा नेपालको संविधानको धारा १७.(२) (च) मा प्रयुक्त वाक्यांश "पेशा, रोजगार गर्ने, उद्योग, व्यापार तथा व्यवसाय" को सम्बन्धमा सो भन्दा बाहेक अर्थ गर्न सकिने भन्ने अवस्था देखिँदैन। धारा ३१ (५) अनुसार "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने" भन्ने व्यवस्था भएबाट नेपालको संविधानले निश्चित उद्देश्यसहितका शिक्षण संस्थाहरु नेपाली नागरिकलाई निजि तवरमा स्थापना र सञ्चालन गर्न पाउने हकसमेत प्रदान गरेको देखिन्छ।

१२. अब, निजि शिक्षण संस्थाको स्थापना, संचालनलाई अन्तर्राष्ट्रिय सन्धी सम्झौताले के – कसरी समेटेको छ भन्ने सन्दर्भमा विचार गर्दा, विश्वव्यापि मानव अधिकार घोषणापत्रको धारा २६ को प्रकरण १ मा प्रत्येक व्यक्तिलाई शिक्षा सम्बन्धी अधिकार हुनेछ भनी व्यवस्था गरिएको देखिन्छ। प्रकरण ३ मा बालबालिकाले प्राप्त गर्ने शिक्षाको प्रकार, प्रकृति, गुणस्तर, विशेषता आदि छनौट गर्ने हक बाबुआमालाई प्रदान गरिएको देखिन्छ। International Covenant on Economic, Social and Cultural Rights,1966 को धारा १.३[8]

---

[8] Article 13 1. The States Parties to the present Covenant recognize the right of everyone to education. They agree that education shall be directed to the full development of the human personality and the sense of its dignity, and shall strengthen the respect for human rights and fundamental freedoms. They further agree that education shall enable all persons to participate effectively in a free society, promote understanding, tolerance and friendship among all nations and all racial, ethnic or religious groups, and further the activities of the United Nations for the maintenance of peace.

Article 13.2. The States Parties to the present Covenant recognize that, with a view to achieving the full realization of this right:

(a) Primary education shall be compulsory and available free to all;

(b) Secondary education in its different forms, including technical and vocational secondary education, shall be made generally available and accessible to all by every appropriate means, and in particular by the progressive introduction of free education;

(c) Higher education shall be made equally accessible to all, on the basis of capacity, by every appropriate means, and in particular by the progressive introduction of free education;

(d) Fundamental education shall be encouraged or intensified as far as possible for those persons who have not received or completed the whole period of their primary education;

(e) The development of a system of schools at all levels shall be actively pursued, an adequate fellowship system shall be established, and the material conditions of teaching staff shall be continuously improved.

*Article 13.3. The States Parties to the present Covenant undertake to have respect for the liberty of parents and, when applicable, legal guardians to choose for their children schools, other than those established by the public authorities, which conform to such minimum educational standards as may be laid down or approved by the State and to ensure the religious and moral education of their children in conformity with their own convictions.*

Article 13.4. No part of this article shall be construed so as to interfere with the liberty of individuals and bodies to establish and direct educational institutions, subject always to the observance of the principles set forth in paragraph 1 of this article and to the requirement that the education given in such institutions shall conform to such minimum standards as may be laid down by the State.

मा शिक्षा सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ जसअन्तर्गत धारा १३ (३) मा "The States Parties to the present Covenant undertake to have respect for the liberty of parents and, when applicable, legal guardians to choose for their children schools, other than those established by the public authorities..." र धारा १३ (४) मा "No part of this article shall be construed so as to interfere with the liberty of individuals and bodies to establish and direct educational institutions..." भनी अभिभावकको धार्मिक तथा नैतिक मान्यताअनुसार शिक्षण संस्था स्थापना तथा सञ्चालन गर्ने प्रत्येक व्यक्ति वा निकायको स्वतन्त्रता हुने साथै, अभिभावकले चाहेमा सरकारी निकायबाट सञ्चालित शिक्षण संस्था बाहेक अन्य शिक्षण संस्था छनौट गर्ने स्वतन्त्रता हुने व्यवस्था गरिएबाट कुनै खास उद्देश्यसहित शिक्षण संस्थाहरु खोल्ने, सञ्चालन गर्ने व्यवस्थालाई मान्यता प्रदान गरेको देखिन्छ। त्यस्तै, शिक्षामा विभेद विरुद्धको महासन्धी, १९६० को धारा ५ (१) (ख)[9] मा पनि आमाबाबु तथा अभिभावकलाई आफ्नो बालबालिकाको शिक्षाको निमित्त सरकारी निकायबाट सञ्चालित शिक्षण संस्था बाहेकका अन्य शिक्षण संस्था छनोट गर्ने हक रहेबाट निजि शिक्षण संस्था खोल्न पाउने हकको प्रत्याभूति भएको भनी UNESCO ले व्याख्या गरेको देखिन्छ।[10] शिक्षाको हकको सम्बन्धमा जारी भएको ABIDJAN Principles[11] को मार्गदर्शन सिद्धान्त ४७ मा ICESCR को धारा १३ (३) र (४) बमोजिम कै मान्यताहरु उल्लेख गरिएको पाइन्छ।[12] CESCR को General Comment No. 13[13] अनुसार शिक्षाको हकको प्रचलनका लागि मुख्यतया चार तत्वहरु

---

[9] Article 5 (1)(b) :It is essential to respect the liberty of parents and, where applicable, of legal guardians, firstly to choose for their children institutions other than those maintained by the public authorities but conforming to such minimum educational standards as may be laid down or approved by the competent authorities and, secondly, to ensure in a manner consistent with the procedures followed in the State for the application of its legislation, the religious and moral education of the children in conformity with their own convictions; and 'no person or group of persons should be compelled to receive religious instruction inconsistent with his or their conviction, Convention against Discrimination in Education adopted in January 14, 1960

[10] Commentary On the Convention Against Discrimination in Education (Adopted On 14 December 1960 by the General Conference Of UNESCO)

[11] Guiding Principle on the Human Rights obligations of States to provide Public Education and to regulate Private involvement in Education(ABIDJAN Principles), Adopted in 13 February, 2019

[12] Guiding Principles 47. States must respect the liberty of parents or legal guardians to choose for their children an educational institution other than a public educational institution, and the liberty of individuals and bodies to establish and direct private educational institutions, subject always to the requirement that such private educational institutions conform to standards established by the State in accordance with its obligations under international human rights law .

[13] General Comment No. 13, The Right to Education, CESCR ,Adopted by the Committee on Economic, Social and Cultural Rights at the Twenty-first Session, E/C.12/1999/10, 8 December 1999)

अनिवार्य हुने गर्दछन्; पर्याप्तता, पहुँच, स्वीकार्यता र अनुकुलन क्षमता।[14] यसको तात्पर्य विद्यार्थीको शैक्षिक माग पूर्ति गर्न सक्ने गरी राज्यसंग स्रोतसाधनको पर्याप्तता, प्रत्येक व्यक्तिको शिक्षा तथा शिक्षण संस्थामा विभेदमुक्त, भौतिक तथा आर्थिक पहुँच प्रत्याभूत हुन सक्ने वातावरण, पाठ्यक्रम र अध्यापन विधि लगायत शिक्षाको गुण र रूप सान्दर्भिक, सांस्कृतिक रूपमा स्वीकारयोग्य, र गुणस्तरयुक्त तथा विद्यार्थी र बदलिँदो समाजका आवश्यकतालाई सम्बोधन गर्न सक्ने शिक्षा प्राप्त भएमा मात्र शिक्षा सम्बन्धी हकको कार्यान्वयन भएको मानिन्छ।[15] Incheon Declaration and Framework for Action for the Implementation of Sustainable Development Goal 4 मा सहभागी राष्ट्रहरुद्वारा education is a public good' अर्थात् शिक्षा सार्वजनिक वस्तु हो र यसलाई निजीकरण गरी निजी उपभोग्य वस्तु जसरी उपभोग गरिनुहुँदैन भनी घोषणा भएको देखिन्छ।[16]

१३. शैक्षिक क्षेत्रको उत्थान तथा विपन्न वर्ग समेतको शिक्षामा पहुँचको हकको सुनिश्चितताको लागि निजि क्षेत्रले खेलेको भूमिकालाई विश्वव्यापि रुपमै स्वीकार गरिएको पाइन्छ। UNESCO को अनुसार "Non-state actors, such as: intergovernmental organizations, parents, Non-Governmental Organizations (NGOs), the private sector and even students themselves all have a role to play in realizing the right to education" अर्थात् शिक्षा सम्बन्धी हकको कार्यान्वयनका निमित्त गैरसरकारी निकायको पूरक भूमिका हुने विश्वास रहेको देखिन्छ। अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले कुनै न कुनै रुपमा शिक्षामा निजि क्षेत्रको भूमिकालाई मान्यता दिएकोमा सन् २०१९ को फेब्रुअरीमा विश्वभरिका ५० प्रतिष्ठित विशेषज्ञद्वारा ग्रहण गरिएको ABIDJAN Principles को प्रस्तावना अनुसार "International human rights law requires States to provide quality, public education, and it leaves room for private actors to offer educational alternatives"[17] भनी निजि क्षेत्रलाई शैक्षिक विकल्प प्रदान गर्न अवसर दिनुपर्ने साथै राज्यले ती निजी क्षेत्रलाई नियमन पनि गर्नु पर्नेमा महत्व दिएको देखिन्छ। ABIDJAN Principles लाई समर्थन गर्दै सन् २०१९ को जुलाई महिनामा संयुक्त राष्ट्र संघको मानव अधिकार परिषदमा एक प्रस्तावसमेत पारित भएको देखिन्छ।[18] राष्ट्र संघको मानव अधिकार

[14] Availability, Accessibility, Acceptability and Adaptability
[15] General Comment No. 13, The Right to Education, CESCR
[16] 2030 Incheon Declaration and Framework for Action, preamble
[17] Preamble, Abidjan Principles
[18] A/HRC/41/L.26

परिषदको सन् २०१९ को Special Rapporteur को एक प्रतिवेदन समेतमा राज्य र निजि क्षेत्र दुबैको संयुक्त भूमिकाले मात्र Sustainable Development Goal 4[19] को कार्यान्वयनमा योगदान गर्न सक्ने भनी शिक्षा सम्बन्धी हकको कार्यान्वयनमा निजि क्षेत्रलाई अलग गर्न नसकिने भनी औंल्याएको देखिन्छ।[20]

१४. तुलनात्मक रुपमा अन्य क्षेत्राधिकार भित्र भएका विकासहरुलाई हेर्दा, भारतमा Unni Krishnan[21] को मुद्दामा सर्वोच्च अदालतले Jeevan Reddy, J. का अनुसार "The hard reality that emerges is that private educational institutions are a necessity in the present day context. It is not possible to do without them because the Governments are in no position to meet the demand - particularly in the sector of medical and technical education which call for substantial outlays. While education is one of the most important functions of the Indian State it has no monopoly therein. Private educational institutions - including minority educational institutions - too have a role to play"[22] अर्थात् हालको अवस्थामा सरकार पक्षले मात्र शैक्षिक माग पूर्ति गर्न नसक्ने हुनाले निजि शिक्षण संस्थाको भूमिका मूख्य हुने साथै, शिक्षण संस्थाको यस भूमिका उच्च शिक्षाको सन्दर्भमा झनै महत्वपूर्ण हुने भनी व्याख्या भएको देखिन्छ। त्यस्तै, TMA Pai Foundation[23] को मुद्दामा भारतीय सर्वोच्च अदालत अनुसार "That private educational institutions are a necessity becomes evident from the fact that the number of government-maintained professional colleges has more or less remained stationary, while more private institutions have been established" अर्थात् सरकारद्वारा सञ्चालित उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको संख्या लगभग यथावत् रहेको तर, सो सम्बन्धमा धैरै निजि शिक्षण संस्थाहरु स्थापना भइसकेको तथ्यले नै हाल शैक्षिक क्षेत्रमा निजि शिक्षण संस्थाको उपस्थिति आवश्यक रहेको भनी व्याख्या भएको देखिन्छ। तसर्थ, शिक्षा क्षेत्रमा निजि संस्थाको उपस्थितिले शिक्षा सम्बन्धी हकको कार्यान्वयनमा अवरोध हुने पूरानो मान्यतालाई प्रतिस्थापन गर्दै राज्यले निजि शैक्षिक क्षेत्रलाई अलग नगरी यसलाई सार्वजनिक वस्तु (Public good) अर्थात् निश्चित मापदण्ड पुरा गरेर व्यापारिक

---

[19] Sustainable Development Goal 4 (Quality Education), adopted by the United Nations in 2015

[20] Human rights therefore provide a solid framework of legally binding obligations with regard to the role of States and private actors that must guide the implementation of Sustainable Development Goal 4.:.During the drafting of the Article 26 of the UDHR, Mr. Lebar (UNESCO) expressly rejected the government monopoly in education, also free and compulsory education did not mean that the state exercised a monopoly over education, nor did it infringe the rights of parents to choose.

[21] Unni Krishnan, J.P. And Ors vs State Of Andhra Pradesh And Ors. .. on 4 February, 1993

[22] Unni Krishnan को फैसला भारतीय सर्वोच्च अदालतले खारेज गर्दै लगे पनि शैक्षिक क्षेत्रमा निजि क्षेत्रको भूमिकालाई भने अनुमोदन गर्दै लगेको देखिन्छ।

[23] *Supra* note 1.

उद्देश्यभन्दा पेशा, व्यवसाय (Occupation and profession) को रुपमा राज्यको शिक्षासम्बन्धी हकको दायित्वलाई सहायता पुऱ्याउने उद्देश्यसहित तथा आवश्यक र प्रभावकारी नियमन गर्दै लैजानुपर्ने मान्यता लिई हाल शिक्षा सम्बन्धी हकको कार्यान्वयनमा निजि शिक्षण संस्थाको भूमिकालाई स्वीकारेको देखिन्छ।

१५. अब, दोस्रो प्रश्न निजि शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धमा सरकारी निकायबाट नियमन हुन सक्ने हो वा होइन यदि हो भने के कति हदसम्म नियमन गर्न सकिने हो भन्ने सन्दर्भमा विचार गर्दा, नेपालको संविधानको धारा १७ (२) (च) को प्रतिबन्धात्मक वाक्यांश (६) मा "**खण्ड (च) को कुनै कुराले संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पुऱ्याउने कार्य वा सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्न पाउने वा कुनै पेशा, रोजगार, उद्योग, व्यापार वा व्यवसाय गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन।**" भन्ने व्यवस्था पाइन्छ। तसर्थ, यस व्यवस्थाअनुसार शर्त वा मापदण्ड तोक्ने गरी ऐन बनाई नेपाल सरकारले निजि शिक्षण संस्थालाई नियमन गर्न सक्ने नै देखिन्छ । त्यस्तै, धारा ५१ (ज) (२) अन्तर्गत निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरीं सेवामूलक बनाउने भनी राज्यको निति तथा निर्देशक सिद्धान्त तोकिएकोमा शिक्षा निति, २०७६ को बुँदा ८.९ मा "*सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरुको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियमा सबलीकरण गर्नु*" र बुँदा ८.१० मा "*राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु*" भनी व्यवस्था गरेको पाइन्छ। *श्रीकृष्ण सुवेदी समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबारको मुद्दामा*[24] यस अदालतले "*प्राथमिक र माध्यमिक स्तरका अनेक निजी विद्यालयहरूको सञ्चालनबाट दिनहुँ महंगो हुँदै गएको शिक्षा जनताको पहुँच भन्दा बाहिरको वस्तु बन्दै गएको अनुभूति गरिएको हुँदा आवश्यक सुधारका निमित्त नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी हुने*" भनी निजी शिक्षण संस्थाको

[24] श्रीकृष्ण सुवेदी समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,ने.का.प. २०६९, अंक ६ निर्णय नं.८८४९

नियमनमा राज्यको भूमिकालाई मान्यता प्रदान गरिसकेको अवस्थाबाट नेपालको संविधान र सोमा उल्लिखित राज्यका नीति तथा निर्देशक सिद्धान्तमा आधारित शिक्षा नीति, २०७६ र यस अदालतबाट प्रतिपादित सिद्धान्त अनुसार नेपाल सरकारले निजी शिक्षण संस्थालाई नियमन गर्न पाउने नै देखिन्छ।

१६. अब निजि शिक्षण संस्थालाई राज्यले नियमन गर्ने सम्बन्धमा विचार गर्दा, नेपालको संविधान अनुसार राज्यले निजी शैक्षिक संस्थाको नियमन तथा व्यवस्थापन गर्न अधिकार प्रदान गरेकोमा सो नियमन के कसरी गर्ने भन्ने सम्बन्धमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICESCR, 1966) को धारा १३ (३) को प्रावधान अनुसार *"बाबुआमा तथा कानूनी अभिभावकले आफ्ना बालबालिकाका लागि शैक्षिक संस्था छनौट गर्दा राज्यद्वारा तोकिएको तथा स्वीकृत गरिएको न्यूनतम शैक्षिक मापदण्ड पालना गर्ने शैक्षिक संस्था छनौट"* गर्नुपर्ने प्रावधान उल्लेख गरेको देखिन्छ। त्यस्तै, धारा १३ (४) मा *"शैक्षिक संस्था स्थापना तथा निर्देशन गर्ने स्वतन्त्रता प्रयोग गर्दा यस धाराको प्रकरण १ मा प्रस्तुत सिद्धान्त तथा राज्यद्वारा तोकिएका न्यूनतम शैक्षिक मापदण्ड पालना गर्नुपर्ने"* भनी व्यवस्था गरिएको देखिन्छ। धारा १३ (३) र (४) मा प्रयुक्त *"न्यूनतम शैक्षिक मापदण्ड"* अन्तर्गत भर्ना, पाठ्यक्रम र प्रमाणपत्र लगायतका शैक्षिक कार्यको मान्यता सम्बन्धका विषयहरु पर्ने र यी मापदण्ड धारा १३ (१) मा व्यवस्था गरिएका शैक्षिक उद्देश्य र सिद्धान्तसम्मत हुनु पर्ने व्यवस्था गरिएको देखिन्छ।[25] जसअन्तर्गत अविभेद, समान अवसर तथा प्रभावकारी सहभागिताको सिद्धान्त पर्दछन्।[26] धारा १३ (४) अनुसारको शैक्षिक संस्था स्थापना तथा सञ्चालन गर्न पाउने स्वतन्त्रता प्रयोग गर्ने क्रममा शैक्षिक अवसरमा सामाजिक असमावेशीकरण तथा सिमान्तकरण हुन सक्ने भएमा सो रोक्न राज्यको नियमनकारी कर्तव्य हुने विषय पनि न्यूनतम शैक्षिक मापदण्ड भित्र पर्ने देखिन्छ।[27] तसर्थ, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, १९६६ अनुसार शैक्षिक अवसरमा कुनै एक वर्गको वा समूहको मात्र पहुँच भई देशको शैक्षिक उत्पादनले असमानता सृजना गर्ने अवस्था, पारदर्शिता र जवाफदेहिता लगायतका सामजिक कर्तव्यबाट विमूख हुने तथा शैक्षिक गुणस्तरमा ह्रास हुने किसिमले निजि शैक्षिक संस्थाको स्थापना तथा

---

[25] CESCR, General Comment No. 13, The Right to Education para, 29 and para 30.
[26] Id.
[27] *Id. at* para 30.

सञ्चालन भएमा सो कार्यलाई नियन्त्रण गर्न राज्यले प्रभावकारी नियमनकारी भूमिका खेल्न सक्ने नै देखिन्छ।

१७. ABIDJAN Principles मा शिक्षा क्षेत्रमा निजि क्षेत्रको आबद्धतालाई नियमन गर्न राज्यले खेल्नुपर्ने भूमिका सम्बन्धमा केहि मापदण्ड निर्धारण गरिएको देखिन्छ। विशेषत: Abidjan Principles को Overarching Principles ४, ७ र ८ मा यस्ता मापदण्डहरु निर्देशन गरिएको पाइन्छ। Overarching Principle ४ को Guiding Principles ५२ र ५३ मा निजी शैक्षिक संस्थाको प्रभावकारी नियमन सम्बन्धमा राज्यले तोकेका मापदण्डहरु प्रचलित मानव अधिकार कानून र मापदण्ड बमोजिम हुनु पर्ने व्यवस्था भएको मा Guiding Principle ५४ देखि ५७ मा निजी शैक्षिक संस्थाले पालना गर्नुपर्ने न्यूनतम मापदण्डहरु व्यवस्था गरिएको छ। Guiding Principle ५४ मा व्यवस्था भए अनुसार तोकिएका न्युनतम मापदण्ड शिक्षा सम्बन्धी हकको सम्मान, संरक्षण तथा परिपूर्ति सम्बन्धमा रहेको राज्यको दायित्वको पालनासँग बाँझिने गरी प्रयोग गर्न नपाइने व्यवस्था उल्लेख भएको पाइन्छ। Guiding Principle ५५ अनुसार निजी शैक्षिक संस्थाको दर्ता, अनुमति, निलम्बन तथा खारेजीका अवस्था लगायतका निजि शैक्षिक संस्थाको प्रशासन सम्बन्धी विषय, प्राज्ञिक स्वतन्त्रताको सम्मान, विद्यार्थीको अभिव्यक्ति तथा संगठन सम्बन्धी विषय, पढाइ-सिकाइको क्रममा हुनसक्ने विभेदको विरोध तथा समानताको हकको संरक्षण, मानवअधिकार कानूनमा उल्लिखित शैक्षिक उद्देश्यसम्मत् शिक्षा, अनुशासन तथा शुल्क तिर्न नसकेको अवस्थामा विद्यार्थीको हकहितको संरक्षण लगायतका विषय र मानव अधिकार संरक्षणका लागि राज्यले आवश्यक मापदण्ड तोकी नियमनकारी भूमिका खेल्नुपर्ने व्यवस्था गरिएको पाइन्छ। यस्ता शिक्षा सम्बन्धी हकको प्रचलनका निमित्त राज्यले यी मापदण्ड प्रगतिशील रुपमा बढाउदै लैजांनु पर्ने व्यवस्था Guiding Principle ५६ मा गरिएको देखिन्छ। Overarching Principle ७ अनुसार शिक्षा सम्बन्धी हकको सम्मान, संरक्षण र परिपुर्तिका निमित्त न्यायिक तथा गैरन्यायिक विधि अपनाई निजी तथा अन्य शैक्षिक निकायका कारणले शैक्षिक क्षेत्रमा हुनसक्ने कार्यसम्बन्धमा राज्यले जनताप्रतिको जवाफदेहिता सुनिश्चित गर्नु पर्ने व्यवस्था गरिएको छ। Overarching Principle ८ को Guiding Principle ८४ मा तोकिएका न्यूनतम शैक्षिक मापदण्ड सम्बन्धमा प्रभावकारी निगरानी र कार्यान्वयन हुने गरी संयन्त्र निर्माण, सम्भार र स्रोतसाधनयुक्त बनाउनुपर्ने दायित्व राज्यको हुने भनी व्यवस्था गरिएको छ।

निजी शैक्षिक संस्थाले राज्यद्वारा तोकिएका न्यूनतम शैक्षिक मापदण्डहरुको पालना नगरेमा राज्यले के कस्तो कारवाही गर्न सक्ने भन्ने सम्बन्धमा Guiding Principle ६० मा देहायको व्यवस्था गरिएको देखिन्छः

> Where private educational institutions do not comply with applicable standards and regulations, States must require them to do so in the shortest possible time. States should encourage compliance through measures such as providing appropriate advice and offering support tools and management assistance, or, if non-compliance persists, by enforcing penalties. Where, after having taken such measures, private educational institutions are unable or unwilling to comply with standards and regulations, States should, following due process, close these institutions, after having:
>
> a. Given educational institutions adequate notice and a reasonable opportunity to comply with these standards; and
>
> b. Ensure that there is continued enjoyment of the right to education for all affected learners.

१८. Guiding Principle ६० मा राज्यद्वारा तोकिएका नियमनकारी मापदण्ड पालना नगरेमा शैक्षिक संस्था बन्द गर्न परे पनि सर्वप्रथम छोटो समयमा प्रचलित मापदण्ड र नियम पालना गराउन आदेश दिने, सो आदेश पालना गर्न नमानेमा उपयुक्त सल्लाह सुझाव तथा व्यवस्थापन सहायता लगायतका सहयोग प्रदान गर्ने, त्यसपश्चात पनि मापदण्ड पालना नगरेमा राज्यले उपयुक्त जरिवाना सोधभर्ना गर्ने लगायतका प्रक्रिया कुनै पनि निजी शैक्षिक संस्था बन्द गराउनु पर्दाका मार्गदर्शन मानिन्छन् । जरिवाना सोधभर्ना गराउँदा समेत प्रचलित मापदण्ड तथा नियम पालना गर्न निजी शैक्षिक संस्थाले नमानेमा उचित कानूनी प्रकृया (due process) अपनाई सो शैक्षिक संस्था बन्द गर्न सक्ने देखिन्छ। तर, शैक्षिक संस्था बन्द गराउने निर्णय गर्नु अघि सम्बन्धित शैक्षिक संस्थालाई पर्याप्त सूचना तथा सो मापदण्ड पालना गर्न उपयुक्त अवसर प्रदान गरिनुपर्ने तथा प्रभावित विद्यार्थीहरुको शिक्षा सम्बन्धी हकको निरन्तर उपभोग सुनिश्चित गरिनुपर्ने दुई पूर्वशर्त रहेको देखिन्छ। तसर्थ, ABIDJAN Principles अनुसार शिक्षा सम्बन्धी हकको संरक्षणको उद्देश्यले राज्यले न्यूनतम शैक्षिक मापदण्ड तोकि सो पालना भए नभएको निरीक्षण गरी त्यस्ता शैक्षिक मापदण्ड पालना नगर्ने निजी शैक्षिक संस्थालाई शैक्षिक मापदण्ड पालना गर्न बहुअवसर प्रदान गर्दा पनि सो शैक्षिक संस्था बन्द गराउन सक्ने अधिकार रहेतापनि उचित कानूनी प्रक्रिया नअपनाई, पर्याप्त सूचना तथा अवसर नदिइ, विद्यार्थीको शिक्षाको

हकको निरन्तर उपभोगमा बाधा पर्ने गरी कुनै शैक्षिक संस्था बन्द गराउने गरी राज्यले निर्णय गर्न सक्ने देखिदैन।

१९. संयुक्त राष्ट्र संघ मानव अधिकार परिषदको Special Rapporteur को Right to education: the implementation of the right to education and Sustainable Development Goal ४ in the context of the growth of private actors in education को प्रतिवेदन[28] अनुसार सार्वजनिक शिक्षा उपलब्ध गराउने राज्यको दायित्व हुने तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानून अनुसार निजी शैक्षिक संस्थाको नियमन गर्नुपर्ने निष्कर्ष निकालिएको छ। शैक्षिक विकल्प प्रदान गर्न निजी शैक्षिक संस्था स्वतन्त्र हुने भएतापनि राज्यले निजी शैक्षिक संस्थालाई कडा निगरानीमा राखी शिक्षा सम्बन्धी हकको हनन हुन बाट रोक्नु पर्ने दायित्व रहेको देखिन्छ। निजीस्तरबाट प्रदान गरिएको शिक्षाले न्यूनतम शैक्षिक मापदण्ड पालना गर्नुपर्ने, निजी शैक्षिक संस्थाको उपस्थितिले राज्यको शैक्षिक जमानतकर्ताको भूमिकालाई जोखिममा पर्न दिन नहुने, निजी शैक्षिक संस्थाका कारणले असमानता र विभेद पर्न दिन नहुने र विद्यार्थी स्वयं मात्रै सो शैक्षिक सञ्चालनको प्रमूख हितग्राही हुनु पर्ने लगायतका मापदण्ड निजी शैक्षिक संस्थाले पालना गर्नु पर्ने र सो सम्बन्धमा राज्यले प्रभावकारी नियमक निकायको भूमिका खेल्नु पर्ने भनी व्याख्या गरेको पाइन्छ। उक्त प्रतिवेदनद्वारा संयुक्त राष्ट्र संघको मानव अधिकार परिषदले ABIDJAN Principles अनुमोदन गरेकोमा सो ABIDJAN Principles बमोजिमका निजी शैक्षिक संस्थाको नियमनमा राज्यका दायित्वहरुलाई आत्मसात गरी शिक्षा सम्बन्धी हकको संरक्षणको लागि प्रत्येक राष्ट्रलाई सो दायित्वहरू पूरा गर्न सुझाएको देखिन्छ। राज्यबाट तोकिएका न्यूनतम शैक्षिक मापदण्ड पालना नगरेमा दण्ड सजाय तथा शैक्षिक संस्थाको खारेजी नै गर्न सक्ने अधिकार राज्यमा निहित हुने भएतापनि उचित कानूनी प्रक्रियाको अबलम्बन नगरी, पर्याप्त सूचना नदिइ, शैक्षिक मापदण्ड पालना गर्न आवश्यक र उपयुक्त अवसर प्रदान नगरी वा विद्यार्थीको शिक्षाको निरन्तर उपभोगको हकको प्रतिकुल हुने गरी कुनै पनि निजी वा अन्य शैक्षिक संस्था बन्द गर्ने गरी राज्यले शैक्षिक संस्था खारेजीको निर्णय गर्न नसक्ने देखिन्छ। तसर्थ, नेपालको संविधान, यस अदालतबाट प्रतिपादित सिद्धान्त र मानव अधिकार कानून तथा मापदण्ड अनुसार राज्यले निजी क्षेत्रलाई प्रभावकारी नियमन

[28] A/HRC/41/37: Right to education: the implementation of the right to education and Sustainable Development Goal 4 in the context of the growth of private actors in education - Report of the Special Rapporteur on the right to education, published in 10 April 2019

गर्न सक्ने तर उचित कानूनी प्रक्रिया नअपनाई वा विद्यार्थीको शिक्षा सम्बन्धी हकको प्रतिकुल हुने गरी कुनै निजी शैक्षिक संस्था बन्द गर्न सक्ने देखिँदैन।

२०. अब तेस्रो प्रश्न निवेदक शैक्षिक संस्थाको अनुमती स्वतः खारेज गर्ने निर्णय कानून सम्मत् छ छैन? भन्ने सम्बन्धमा विचार गर्दा, कुनै विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन लिएर नेपालमा स्नातक तह वा सोभन्दा माथिल्लो तहको शिक्षा दिने शिक्षण संस्थाको संचालन तथा व्यवस्थापन नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०५९।११।२६ मा स्वीकृत विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा संचालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ (यसपछि "निर्देशिका" भनिएको) द्वारा व्यवस्थित हुँदै आएको देखिन्छ। उक्त निर्देशिका बमोजिम निवेदक कलेजलाई Delta International University of New Orleans Louisiana USA बाट BBA चार वर्षे र MBA दुई वर्षे कोर्ष अध्यापन गराउन अनुमती दिइएको देखिन्छ। निर्देशिकाको दफा ८ को उपदफा (६) मा *"अनुमती प्राप्त गरी सञ्चालनमा रहेको शिक्षण संस्थाले प्रत्येक वर्ष माघ मसान्तभित्र नियमानुसारको राजश्व दाखिला गर्नुपर्नेछ, साथै सञ्चालन अनुमती प्राप्त संस्थाले नवीकरण प्रयोजनका लागि अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ"* भनी व्यवस्था गरिएकोमा सोही दफाको उपदफा (६क) मा *"उपदफा (६) बमोजिम नवीकरणका लागि आवेदन नगर्ने शिक्षण संस्थाले प्रति महिना प्रति कार्यक्रम दश हजार रुपैयाँ अतिरिक्त शुल्क बुझाई नवीकरणका लागि २०७४ साल माघ मसान्तभित्रमा आवेदन गर्न सक्ने र सो अवधिभित्र नवीकरणका लागि आवेदन नगर्ने शिक्षण संस्थाको अनुमती स्वतः खारेज हुने"* व्यवस्था रहेको देखिन्छ। निर्देशिकाको दफा ८ को उपदफा (९) मा *निर्देशिकामा उल्लिखित शर्त पूरा नगरेमा दफा ६ बमोजिम गठित उच्चस्तरीय अनुगमन तथा मूल्यांकन समितिको सिफारिसमा मन्त्रालयले जुनसुकै बखत सञ्चालन अनुमती रद्द गर्न सक्ने र त्यसरी सञ्चालन अनुमती रद्द गर्नु अघि सम्बन्धित शिक्षण संस्थालाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्ने* व्यवस्था रहेको देखिन्छ। निवेदक शैक्षिक संस्थाले पेश गरेको सफाई सन्तोषजनक नभएको आधारमा उच्चस्तरीय मूल्यांकन तथा अनुगमन समितिको मिति २०७६।१०।२१ को बैठकबाट निर्देशिकाको दफा ८ को उपदफा (६क) बमोजिम निवेदक कलेजलाई दिएको अनुमती स्वतः खारेज भएको भनी सोही व्यहोराको जानकारी कलेजलाई गराई मन्त्रालयको अनुमती विना विद्यार्थी भर्ना नलिन र निर्देशिकाको दफा ९ को उपदफा (८) र (९) बमोजिम धरौटी

अद्यावधिक नगरेको र नवीकरणका लागि निवेदन पनि नदिएको अवस्थामा सोही दफाको उपदफा (६) बमोजिम कलेजले राखेको धरौटी समेत जफत हुने देखिएंकोमा हाल कलेजमा विद्यार्थीहरु अध्ययनरत रहेको परिप्रेक्ष्यमा धरौटी रकमका हकमा पछि निर्णय गर्न उपयुक्त हुने भनी निर्देशिकाको दफा ९ङ को उपदफा (४) बमोजिम अध्ययनरत विद्यार्थीको व्यवस्थापन गर्न कलेजमा लेखी पठाउन मन्त्रालयलाई सिफारिस गर्ने भनी निर्णय भएको र सोही सिफारिस बमोजिम मन्त्रालयबाट मिति २०७६।१०।२३ मा निर्णय भई निवेदक कलेजलाई मन्त्रालयको च.नं.-२५५, मिति २०७६।११।०२ को पत्रबाट खारेजीको जानकारी गराएको देखियो। निर्देशिकाको दफा ८ को उपदफा (९) बमोजिम कुनै शिक्षण संस्थाको सञ्चालन अनुमती रद्द गर्दा मनासिव मौका दिनु पर्ने व्यवस्था समेत रहेको पाइयो। निवेदक शिक्षण संस्थालाई सफाई पेश गर्नका लागि एकपटक पनि पत्राचार नगरी एकमुष्ट रुपमा मिति २०७६।०७।२२ मा गोरखापत्रमा सूचना प्रकाशन गरी जवाफ माग गरिएको देखिन्छ। निर्देशिका तर्जुमा गर्दाका बखत स्वतः खारेजीको प्रावधान नरहेकोमा मिति २०७४।०५।०८ मा निर्देशिकाको दोस्रो संशोधनमा स्वतः खारेजीको व्यवस्था थप गरिएको व्यवस्था बमोजिम निवेदकलाई कारवाही गरेको पाइन्छ। सामान्यतया प्राकृतिक न्यायको सिद्धान्तको मान्यता अनुसार सम्वन्धित व्यक्ति वा संस्थालाई पत्राचार वा प्रत्यक्ष जानकारी गराइ जवाफ लिनुपर्ने मान्यता रहेकोमा मिति २०७६।०७।२२ मा गोरखापत्रमा एकमुष्ट सूचना जारी गरी मनासिव माफिकको सफाई पेश गर्ने मौका समेत नदिई विगत २०७३।०१।२३ को च.नं. ५६५ को स्विकृती पत्र प्राप्त गरी सञ्चालनमा रहेको शिक्षण संस्थाको मिति २०७४।०५।०८ मा भएको निर्देशिकाको दोस्रो संशोधनका आधारमा निवेदक शिक्षण संस्थाको सञ्चालन अनुमती रद्द गरिनु निवेदकको वैधानिक अपेक्षा समेतका आधारमा उपयुक्त देखिदैन। नेपालको संविधान, यस अदालतबाट प्रतिपादित सिद्धान्त र मानव अधिकार कानून तथा मापदण्ड अनुसार राज्यले निजी क्षेत्रलाई नियमन गर्न सक्ने भए तापनि उचित कानूनी प्रक्रिया नअपनाई वा विद्यार्थीको शिक्षा सम्बन्धी हकको प्रतिकूल हुने गरी कुनै निजी शिक्षण संस्था बन्द गर्न नमिल्ने भएवाट शिक्षा सम्बन्धी हकको प्रतिकुल हुने गरी निवेदक शिक्षण संस्थाको शिक्षण अनुमती स्वतः खारेजी गर्ने गरी प्रत्यर्थीहरुबाट भएको निर्णय कानून अनुकूल देखिएन।

२१. अब निवेदक माग बमोजिम आदेश जारी हुने हो वा होइन? भन्ने प्रश्नको सम्बन्धमा विचार गर्दा शिक्षा ऐन, २०२८ को दफा ३ को उपदफा (८) को प्रतिवन्धात्मक वाक्यांशमा विदेशी शिक्षण संस्थासँग सम्बन्धन प्राप्त गरी विद्यालय खोल्ने सम्बन्धमा मन्त्रालयसंग सम्झौता भएमा वा त्यसरी विद्यालय खोल्न कूटनीतिक नियोगबाट सिफारिस भएमा मन्त्रालयले शर्त तोकि विद्यालय खोल्न अनुमती वा स्वीकृति दिन सक्ने देखिन्छ। त्यसरी विद्यालय खोल्नको लागि मन्त्रालय समक्ष सिधै निवेदन दिन सकिने तथा दफा ३ को उपदफा (९) मा अनुमती वा स्वीकृति प्राप्त विद्यालयले शर्त बमोजिम विद्यालय सञ्चालन नगरेमा मन्त्रालयले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्ने एवं शिक्षा नियमावली, २०५९ को नियम १९२ मा मन्त्रालयले ऐन र नियमावलीको अधिनमा रही निर्देशिका बनाउन सक्ने व्यवस्था रहेको देखिन्छ। विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ को दफा ८ को उपदफा (५) मा निरीक्षण तथा अनुगमन समितिले अनुमती नवीकरण गर्न सिफारिस गर्न सक्ने र यसरी प्राप्त सिफारिसका आधारमा मन्त्रालयले सम्बन्धित शिक्षण संस्थाहरुको स्वीकृत कार्यक्रमको पाँच वर्ष अवधिका लागि संचालन अनुमती नवीकरण गर्न सक्ने तथा ऐ.ऐ.को उपदफा (९) मा निर्देशिकामा उल्लिखित शर्त पूरा नगरेमा, दफा ६ बमोजिम गठित उच्चस्तरीय अनुगमन तथा मूल्यांकन समितिको सिफारिसमा मन्त्रालयले जुनसुकै बखत सञ्चालन अनुमती रद्द गर्न सक्ने र त्यसरी सञ्चालन अनुमती रद्द गर्नु अघि सम्बन्धित शिक्षण संस्थालाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्ने व्यवस्था गरिएको देखिन्छ। प्रस्तुत मुद्दामा नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७३।०१।२३ मा स्वीकृत विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा संचालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ मा गरिएको प्रावधानहरुमा मिति २०७२।४।३२ मा पहिलो संशोधन र मिति २०७४।५।८ मा दोस्रो संशोधन गरी उपदफा (६) बमोजिम नवीकरणका लागि आवेदन नगर्ने शिक्षण संस्थाले प्रति महिना प्रति कार्यक्रम दश हजार रुपैयाँ अतिरिक्त शुल्क बुझाई नवीकरणका लागि २०७४ साल माघ मसान्तभित्रमा आवेदन गर्न सक्ने र सो अवधिभित्र नवीकरणका लागि आवेदन नगर्ने शिक्षण संस्थाको अनुमती स्वतः खारेज हुने प्रावधानहरु राखिएको र प्रत्यक्षरुपमा सम्बन्धित संस्थालाई शिक्षा नियमावलीको नियम १९३ वमोजिम सफाईको पूर्ण मौका नदिई दर्ता नवीकरण नगरी खारेज गर्ने कार्य त्रुटिपुर्ण देखिन्छ। निर्देशिका बनाउँदा कुन कानूनको अखितयारी

लिई उक्त निर्देशिका बनाइएको हो सो समेत नखुलाई गरिएको मिति २०७६।०७।२२ मा गोरखापत्रमा प्रकाशित एकमुष्ट सूचना, प्रत्यर्थी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६।१०।२३ गते निवेदक कलेजको अनुमती स्वतः खारेज हुने व्यहोराको निर्णय र सो अनुसारको मिति २०७६।१२।४ र २०७७।८।९ को जानकारी पत्र लगायत कामकारबाहीहरु कानून अनुकूल नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिएको छ। अब कानून बमोजिम कलेज नवीकरण गरी कलेज संचालन तथा पठनपाठन कार्य गर्न दिनु दिलाउनु भनी प्रत्यर्थीहरुको नाउँमा परमादेश समेत जारी हुने ठहर्छ।

२२. नेपालको संविधानले निर्दिष्ट गरेको शिक्षा सम्बन्धी हक र शिक्षा सम्बन्धी निर्धारित नीति, र अन्तर्राष्ट्रिय असल अभ्यास अनुरुप सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरुको प्रभावकारी नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रकृयालाई सवलीकरण गर्नु पर्ने देखिन्छ। यस परिप्रेक्षमा शिक्षा सार्वजनिक वस्तु (Public Good) हो र यसमा सामान्यतया नाफा (profit) भन्दा पनि सेवा प्रमुख तत्व हुन्छ भन्ने नेपालको संविधानको धारा ३१, धारा ५१(ज)(२) तथा शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय कानूनका मान्यता अन्तर्गत रही निजी क्षेत्रबाट शिक्षण संस्था सञ्चालन गर्ने कुनै पनि निकाय वा त्यस्ता संचालकले आफ्नो कर्तव्य र राज्यको दायित्वभित्रको विषय हो भन्ने कुरा व्यंवहारतः स्थापित गरिनु पर्दछ। उच्च शिक्षा सम्बन्धमा उच्च शिक्षा प्रदान गर्ने संस्थाहरु अन्य देशका विश्वविद्यालय वा देशभित्रकै विश्वविद्यालयहरुले निर्धारण गरेको मापदण्डको अधिनमा रही प्रभावकारी नियमन र व्यवस्थापन आवश्यक देखिन्छ। शैक्षिक परामर्श सेवा, कुटनैतिक नियोगबाट सञ्चालित विद्यालय वा शिक्षण संस्था, विदेशमा संचालन हुने शिक्षण संस्था सम्बन्धी नीति, कानून, मापदण्ड, स्वीकृति, समकक्षता निर्धारण र नियमनको जिम्मेवारी प्रत्यर्थी शिक्षा मन्त्रालयलाई रहेको देखिन्छ। शिक्षाको अधिकारभित्र असल प्रतिष्ठा र अभ्यास भएको विश्वविद्यालयसँग सम्बन्धन गरी खोलिएका संस्थामा पहुँच सहित सहुलियत शुल्कमा वा छात्रवृतिमा पठनपाठन गर्न पाउने शिक्षा सम्बन्धी अधिकार भित्र पर्ने विषय देखिन्छ। शैक्षिक पाठ्यक्रम, भौतिक संरचना, पाठ्यवस्तु मापदण्ड अनुसार छ छैन? सो कुरा शिक्षण पद्दती विद्यार्थी मैत्री छ छैन? हेर्नु राज्यको दायित्व भित्रकै विषय हो। निजी तथा सरकारी क्षेत्रमा पर्याप्त मात्रामा छात्रवृत्तिहरु उपलब्ध गराइएको अवस्था भए नभएको विषयसमेत नियमन अन्तर्गत नै पर्ने देखिन्छ। नेपालको

संविधान, शिक्षा नीति, प्रचलित शिक्षा ऐन तथा नियमावली साथै निजी शैक्षिक संस्थाहरुको सम्बन्धमा प्रचलित अन्तर्राष्ट्रिय तथा राष्ट्रिय असल अभ्यासको मर्म विपरित विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा संचालन गर्ने संम्बन्धी निर्देशिकामा गरिएको संशोधन तथा कार्यान्वयन लाई तार्किक वनाउन पनि वाञ्छनीय देखिन्छ। शिक्षा सम्बन्धी ऐन, नियम र निर्देशिका बनाउने र संशोधन गर्ने कार्य कानून अनूकूल नै गर्नुपर्ने हुन्छ। शिक्षण संस्थाहरुको नियमन व्यवस्था संशोधन गर्दा मौजुदा व्यवस्था अनुरुप संचालित शिक्षण संस्थाहरुको हक अधिकार तथा शिक्षाको हक र अधिकारको न्युनतम मापदण्ड पूरा हुनेगरी बनाइनुपर्दछ। तसर्थ, प्रभावकारी अनुगमन प्रक्रिया निर्धारण गर्न सूचना वा सुनुवाईको हक लगायतका विषय सुनिश्चित गर्नु र सम्बन्धित सरोकारवालाहरुसंग छलफल गरी त्यस्तो प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाउनु प्रत्यर्थी शिक्षा मन्त्रालयको कर्तव्यभित्रको विषय देखिन्छ। तसर्थ यस आदेशमा उल्लिखित मान्यताहरु सहितका आधारमा निजी शैक्षिक संस्थाहरुको नियमन र व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनू भनी शिक्षा विज्ञान तथा प्रविधि 'मन्त्रालय' सिंहदरवार, काठमाडौंको नाममा निर्देशनात्मक आदेश समेत जारी हुने ठहर्छ।

२२. प्रत्यर्थीहरुको जानकारीका लागि यो आदेशको प्रतिलिपी महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनू। प्रस्तुत निर्देशनात्मक आदेशको कार्यान्वयनको लागि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२७(४) बमोजिम फैसला कार्यान्वयन निर्देशनालय, काठमाण्डौलाई जानकारी दिनू। निवेदनको दायरीको लगत कट्टा गरी, आदेशको विद्युतिय प्रति विद्युतीय प्रणालीमा प्रविष्ट गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

न्यायाधीश

उक्त रायमा म सहमत छुः

न्यायाधीश

इजलास अधिकृतः- हरिप्रसाद आचार्य

अनुसन्धान सहयोगीः लक्ष्मी राना (शाखा अधिकृत), राकेश बम (इन्टर्न)

कम्प्युटर अपरेटरः- मन्दिरा रैनाभाट

इति संवत् २०७९ साल असोज ६ गते रोज ५ शुभम्.....................................।